

पूर्वप्रधानमन्त्री देउवाका लागि असोज १८ को संयोग
(२)

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोनः ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २५२ ❑ २०८३ असोज १५ गते बिहीबार ❑ Thursday, 01 Oct. 2026 ❑ मूल्य ७ /-

बालेन सरकारका ६ महिना

✍ विमल लामिछाने

दमक/ झापा क्षेत्र नम्बर ५ बाट फराकिलो मतान्तरका साथ निर्वाचित भई राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट २०८२ चैत १३ गते प्रधानमन्त्रीमा नियुक्त बालेन्द्र (बालेन) शाहको नेतृत्वमा गठित सरकारले आफ्नो कार्यकालको छ महिना पूरा गरेको छ । परम्परागत राजनीतिक ढर्रा र शैलीलाई विस्थापित गर्दै शासकीय सुधार, द्रुत सेवा प्रवाह र सुशासनको पपुलिष्ट तथा संरचनात्मक एजेन्डासहित सत्तामा पुगेको यस सरकारको सुरूआती छ महिनाको यात्रा आशा, नयाँ प्रयोग र अग्रसरताका बिच अनेकौं विरोधाभास र आलोचनाहरूबाट अछुतो रहन सकेको छैन ।

सरकारले सार्वजनिक गरेको प्रगति विवरणलाई हेर्दा शासकीय सुधार र संरचनात्मक परिवर्तनका क्षेत्रमा केही आशालाग्दा सुरूआत भएको देखिन्छ । मन्त्रालयको संख्या २२ बाट घटाएर १८ मा सीमित गर्नु, अनुत्पादक र दोहोरो कार्यक्षेत्र भएका समिति तथा आयोजनाहरूको खारेजी एवं पुनर्संरचना गर्नु तथा सरकारी कार्यालयहरूमा 'शून्य बाँकी फाइल सप्ताह' सञ्चालन गरिनुले प्रशासनिक चुस्तता कायम गर्ने तर्फ सरकारको तदारूकता झल्काउँछ । यसका साथै प्रधानमन्त्री शाहले मन्त्रीहरूसँग र मन्त्रीहरूले सचिवहरूसँग कार्यसम्पादन सूचकमा आधारित सम्झौता गरेर नतिजामुखी शासन प्रणालीको जग बसाल्ने प्रयास गरेका छन् ।

नागरिकले दैनिक रूपमा भोग्दै आएका झन्झटिला प्रशासनिक प्रक्रियालाई प्रविधिमार्फत सहज बनाउने प्रयासलाई सरकारको महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ । राहदानी तथा नागरिकता सेवा जुनसुकै जिल्लाबाट लिन सकिने व्यवस्था, सरकारी कुरियरमार्फत ७५ जिल्लामा राहदानी घरमै पुऱ्याउने कदम र वैदेशिक रोजगारीको श्रम स्वीकृतिलाई पूर्ण स्वचालित बनाइनुले सर्वसाधारणलाई प्रत्यक्ष राहत पुऱ्याएको छ । साथै, जन्मदर्ता, नागरिकता र राष्ट्रिय परिचयपत्रका प्रणालीहरूबिच गरिएको अन्तरआवद्धताले आगामी दिनमा डिजिटल प्रविधिको दरिलो आधार खडा गरेको छ ।

पूर्वाधार, ऊर्जा र कूटनीतिका क्षेत्रमा पनि सरकारले केही महत्वपूर्ण प्रगतिहरु दर्ता गराएको छ । नागढुंगा सुरूङमार्गको परीक्षण सञ्चालन, बाँकी ४ पेजमा ▸▸

एकै वडाबाट नौ जना महाधिबेशन प्रतिनिधि

दमक । नेपाली कांग्रेसको १५ औं महाधिबेशन अन्तर्गत झापा क्षेत्र न. ५ मा भएको निर्वाचनबाट दमकको एउटा वडाका ९ जना महाधिबेशन प्रतिनिधिमा निर्वाचित भएका छन् ।

गौरादहमा गत १२ असोजमा सम्पन्न क्षेत्रीय अधिबेशनको निर्वाचन कार्यक्रमबाट कांग्रेस महाधिबेशन प्रतिनिधिहरूमा क्षेत्रभरिनै अधिकांस पूरानै अनुहार चुनिए भने दमकको एउटा वडाबाट भने एकैसाथ ९ जना उम्मेदवारले महाधिबेशन प्रतिनिधि जितेर रेकर्डनै बनाएका सफल भएका छन् । जसअनुसार दमक ९ वडाबाट अघिल्लो महाधिबेशनका भन्दा खुलासहित विभिन्न क्लस्टरहरूबाट झण्डै दोव्वर संख्यामा महाधिबेशन प्रतिनिधिहरूले जित हासिल गरेका हुन् ।

महाधिबेशन प्रतिनिधितर्फ यसपटक भाग्यमानी बनिन् गतवर्ष भएको संघीय निर्वाचनकी प्रत्यासी मन्दरा चिमरिया पौडेल । उनी खुलामहिला कोटाबाट जित्दा उनकी छोरी सरिता ३५ बर्ष मुनीको उमेर समूहबाट महाधिबेशन प्रतिनिधिमा निर्विरोध निर्वाचित भईन् । सरिताले एकैपटक आन्तरिक निर्वाचनमा सफलता पाउन सफल भएन भने आमा मन्दराको यो महाधिबेशन प्रतिनिधिमा दोश्रो पटक हो ।

उनीहरूसंगै सो वडाबाट खुलातर्फ उमाकान्त आचार्य, मेदनीप्रसाद सिटौला, खस आर्यबाट विक्रम अधिकारी, पेशागतबाट डा. नेत्रबहादुर बुढाथोकी महाधिबेशन प्रतिनिधिमा निर्वाचित भएको क्षेत्रीय निर्वाचन समितिले जनाएको छ ।

यसैगरि, सोहि वडाकी मुश्लिमतर्फ बुसारा खातुन, श्रमिकतर्फ रमेशकुमार कामत निर्विरोध निर्वाचित भए । यता सोहि निर्वाचनबाट प्रदेशसभा (ख)का क्षेत्रीय सभापतिका रूपमा पर्शुराम रिजालले बाजी मारेका थिए । प्रदेशसभा सभापति विधानतः महाधिबेशन प्रतिनिधि मानिन्छन् । उनीहरू मध्ये क्लस्टरकी खातुन, कामत, खुलाका उमाकान्त, युवाकी सरिता र प्रदेशसभा सभापति रिजाल नयाँ अनुहार हुन् ।

झापा ५ को दमकसहित कमल, गौरादह, गौरीगञ्जका गरि २९ वटा वडामध्ये दमक ९ बाट यसअघि भने ५ जना महाधिबेशन प्रतिनिधि चुनिन सफल भएका थिए । तर, यसपटक भने यस वडाले आन्तरिक निर्वाचनमा निकै ठुलो सफलता पाएको सोहि वडाका निवर्तमान सभापति युवराज कोइराला बताउँछन् । यो नतिजाले पार्टी संगठन मजवुत बनाउन कार्यकर्ताहरूले उहाँहरूलाई ठुलो जिम्मेवारी दिएको विचार राख्छन् उनी ।

क्षेत्रीय निर्वाचन समितिका संयोजक लीला खनालका अनुसार निर्वाचनबाट कुल ३३ जना महाधिबेशन प्रतिनिधि निर्वाचित गरेको छ । निर्वाचित अधिकांस पूरानै अनुहारका छन् ।

७७५ ले पाए लालपुर्जा

दमक/ सरकारले ६ महिनामा ७७५ जना भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा (पुर्जा) वितरण गरिएको जनाएको छ । सरकारले सार्वजनिक गरेको ६ महिने काम उपलब्धि सूचिमा उक्त कुरा उल्लेख छ ।

सरकारले दुर्गम क्षेत्रका ४९ जना ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको निःशुल्क हवाई उद्धार गरिएको पनि जनाएको छ ।

यस्तै, जेन-जी आन्दोलनका घाइते तथा शहीद परिवारलाई निःशुल्क शिक्षा र स्वरोजगारका लागि सवारी साधन आयातमा सहुलियत छुट दिइएको सरकारले जनाएको छ ।

ठगी आरोपमा पक्राउ

दमक/ ८० लाख रूपैयाँ ठगी गरेको आरोपमा काठमाडौंको नयाँ बानेश्वरबाट एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा तारकेश्वर नगरपालिका-५ का ४१ वर्षीय राजकुमार बिडारी छन् । उनले ८० लाख ठगी गरेको प्रहरीले बताएको छ । ठगीको कसुरमा बिडारीमाथि प्रहरीले अनुसन्धान अघि बढाएको छ ।

अलकत्र तताउँदा सवारी साधनमा आगलागी

धनकुटा/ धनकुटाको चौबिसे गाउँपालिकामा सडक निर्माणका लागि प्रयोग हुने बिटुमिन डिस्ट्रिब्युटरमा अलकत्र तताउने क्रममा आगलागी हुँदा सवारीसाधन पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ।

बुधबार बिहान चौबिसे गाउँपालिका-६ धाराचोकस्थित रविराके-भेडेटार सडकखण्डमा एप्को इन्फ्राटेक प्रालिको निर्माण कार्यमा प्रयोग भइरहेको भारतीय नम्बर प्लेटको यूपी ४२ बीटी ६९२५ नम्बरको बिटुमिन डिस्ट्रिब्युटर सडकमा रोकी अलकत्र तताउने क्रममा आगलागी भएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ । घटनामा कुनै मानवीय क्षति नभएको र आगलागीको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

बाढीले ४८ बाख्रा बगायो

संखुवासभा/ संखुवासभाको भोटखोला गाउँपालिका-४ ठाडोखोलामा आएको बाढीले ४८ वटा बाख्रा बगाएको छ ।

भोटखोला-४ का नवीन गुरूङले ठाडोखोला नजिकै पुलमुनि बनाएको खोरमा राखेका बाख्रा मंगलबार आएको बाढीले बगाएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका सूचना अधिकारी प्रहरी निरीक्षक धनबहादुर राजवंशीले जानकारी दिए ।

बाढीले ठूलो संख्यामा बाख्रा बगाएपछि लाखौँ रूपैयाँ बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

घटनाको जानकारी पाएलगत्तै स्याक्सिलागोला प्रहरी टोली घटनास्थलमा पुगेको थियो । प्रहरीले घटनाको थप विवरण तथा क्षतिको यकिन विवरण संकलन भइरहेको जनाएको छ ।

प्रसाईं पक्राउको कारण पेश गर्न सर्वोच्चको आदेश

दमक/ सर्वोच्च अदालतले दुर्गा प्रसाईंलाई पक्राउ गर्नुको कारण ४८ घण्टाभित्र पेश गर्न आदेश दिएको छ ।

न्यायाधीश हरि फुँयालको इजलासले नेपाल प्रहरीको साइबर ब्यूरोका नाममा कारण देखाउ आदेश जारी गर्दै प्रसाईंलाई पक्राउ गर्नुको कारण पेश गर्न आदेश दिएको हो ।

झापासहित कोशीका चार जिल्लामा दुई दिन विद्युत् बन्द हुने

दमक/ प्रसारण लाइनमा प्राविधिक काम गर्नुपर्ने भएपछि नेपाल विद्युत् प्राधिकरणले झापासहित कोशी प्रदेशका विभिन्न जिल्लामा दुई दिन दैनिक आठ घण्टा विद्युत् आपूर्ति बन्द गर्ने भएको छ ।

प्राधिकरणको केरौन १३२/३३ केभी सबस्टेशन आयोजनाले दुहबी(दमक १३२ केभी प्रसारण लाइनमा 'लूप इन लूप आउट' (एलआईएलओ) कार्य गर्नुपर्ने भएकाले विद्युत् सेवा बन्द गर्न लागिएको हो ।

प्राधिकरणका अनुसार २०८३ असोज १७ गते शनिबार र १८ गते आइतबार बिहान ४ बजेदेखि दिउँसो १२ बजेसम्म विद्युत् आपूर्ति बन्द हुनेछ । दुवै दिन आठ-आठ घण्टा विद्युत् सेवा अवरूद्ध हुने जनाइएको छ ।

विद्युत् कटौतीबाट झापा, इलाम, पाँचथर र ताप्लेजुङका सबै क्षेत्रमा असर पर्नेछ । त्यस्तै, मोरङको उर्लाबारी, पथरीलगायत आसपासका क्षेत्रमा पनि विद्युत् सेवा अवरूद्ध हुने प्राधिकरणले बाँकी ४ पेजमा ▸▸

प्रतिनिधिसभामा नोटबन्दी गर्नुपर्ने विषयको उठान

दमक/ प्रतिनिधिसभामा नोटबन्दी गर्नुपर्ने विषय उठेको छ । सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद यज्ञमणि न्यौपानेले प्रतिनिधिसभाको बैठकमा बोल्दै नोटबन्दीको विषय उठाएका हुन् ।

विगत ३५ वर्षसम्म सत्तामा रहेकाहरूले अवैध रूपमा सम्पत्ति आर्जन गरी कालो धन थुपारेको आरोप लगाए । अनि कालो धनकै आडमा जननिर्वाचित सरकारविरूद्ध षडयन्त्र गर्न खोजेको भन्दै नोटबन्दीको माग गरे ।

'नोटबन्दी गर्नुपऱ्यो । तत्काल यी नोटहरूलाई बैंकिङ प्रणालीमा ल्याउनुपऱ्यो र नयाँ नोट जारी गर्नुपऱ्यो' उनले भने । भारतमा पनि नोट बन्द गरिएको उल्लेख गर्दै उनले त्यसबाट सिक्नुपर्ने बताए ।

त्यसपछि नेकपा प्रमुख सचेतक युवराज दुलाल बोले । उनले रास्वपा सांसद न्यौपानेको प्रस्तावमा समर्थन जनाए ।

'म सरकार पक्षमा पूर्ववक्ता माननीयज्यूले राखेको विषयमा पूर्ण समर्थन, शतप्रतिशत समर्थन गर्दै रास्वपाको सरकारलाई बाँकी ४ पेजमा ▸▸

झापा कांग्रेसमा राजनीतिक घेराबन्दी अन्त्य

दमक । नेपाली कांग्रेसको १५औं महाधिवेशनसँगै झापामा लामो समयदेखि कायम रहेको भनिएको आन्तरिक राजनीतिक घेराबन्दी कमजोर भएको दाबी नेता कार्यकर्ताले गरेका छन् । पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला संस्थापन इतर समूहमा गएपछि विगतमा अवसरबाट वञ्चित भएका कतिपय नेता-कार्यकर्ताले यसपटक महाधिवेशनमा स्थान बनाउन सफल भएको उनीहरूको भनाइ छ ।

झापा क्षेत्र नम्बर ३ को क्षेत्रीय अधिवेशनबाट बाह्रदशीका युवा नेता टुमलाल राजवंशी (टोम) महाधिवेशन प्रतिनिधिमा निर्वाचित भएका छन् । उनी १२औं महाधिवेशनदेखि निरन्तर निर्वाचनमा सहभागी हुँदै आए पनि विगतका अधिवेशनमा सफलता प्राप्त गर्न नसकेको बताउँछन् । राजवंशीले आफूले राजनीतिक कारणले महाधिवेशन प्रतिनिधि मात्र नभई सभासद् र तत्कालीन गाविस अध्यक्षको टिकटसमेत नपाएको दाबी गरेका छन् ।

राजवंशीजस्तै विगतमा अवसर नपाएका अन्य नेता-कार्यकर्ताले पनि यसपटक निर्वाचनमार्फत स्थान बनाएको कांग्रेसभित्रका नेताहरूको भनाइ छ । क्षेत्र नम्बर ३ का एक महाधिवेशन प्रतिनिधिले सिटौलाको प्रभाव कमजोर भएसँगै यसपटक बाँकी ४ पेजमा ▸▸

आठपहरिया समुदायको मुख्य चाड न्वागी सुरु

दमक/ बाली पाकेपछि न्वागी खाने परम्परा सबै समुदायमा हुन्छ, तर पूर्वी नेपाललाई आफ्नो उद्‌गम थलो मान्दै आएको आठपहरिया समुदायको मुख्य चाड न्वागीलाई पर्वको रूपमा मनाउँदै आएका छन् ।

किराँत आठपहरिया समाजका केन्द्रीय अध्यक्ष अष्टमान आठपहरियाका अनुसार भूमिपूजा, देवस्थलको सरसफाइ, बलि, पितृपूजा, सामूहिक वनभोज, धनुषबाणबाट तारो हान्ने तथा बिदाइ पूजा गर्दै विसु मनाउने परम्परा छ ।

जस अनुसार भदौ/असोजमा आठपहरिया समुदायले नयाँ बाली पाकेपछि पितृ तथा कुलदेवतालाई चढाएर खाने परम्परासँग जोडिएको महत्वपूर्ण सांस्कृतिक पर्व न्वागी सुरू भएको हो ।

पूर्वमा बसोबास रहेका आठपहरिया समुदायको आफ्नै मौलिक भाषा, संस्कार, संस्कृति र परम्परा छ । उनीहरूले न्वागी चाड एकसातासम्म मनाउने गर्छन् । भदौ शुक्ल पूर्णिमापछिको मंगलबारदेखि आइतबारसम्म न्वागी चाड मनाउने परम्परा छ । उनीहरु नयाँ बाली भित्र्यापछि कुल तथा पितृलाई चढाएर मात्र आफूले खाने गर्छन् । न्वागी चाडको पहिलो बाँकी ४ पेजमा ▸▸

कार्यालय सामग्री/स्टेशनरी सामग्रीको कोटेशन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित : २०८३/०५/१७
दोस्रो पटक प्रकाशित : २०८३/०६/१४

यस संस्थाको आ.व.०८३/०८४ को लागी छपाई तथा स्टेशनरी सामाग्री खरिद गर्नुपर्ने सम्बन्धमा मिति २०८३/०५/१७ गते सूचना प्रकाशन गरिएकोमा समय अवधि भित्र पर्याप्त कोटेशन नपरेको हुँदा ७ दिनको लागि पुनः यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा सम्पर्क गरी संस्थाले तयार गरेको कोटेशन फारम भरी शिलवन्दी कोटेशन दररेट पेश गर्नुहुन अनुरोध छ ।

नोट : कोटेशन फारम कार्यालयमा सम्पर्क राखी तोकिएको शुल्क (रु.२५०/-) बुझाई प्राप्त गर्न सकिनेछ ।

खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
दमक, झापा

सम्पादकीय

उपभोक्तामा राहतको आभास

नेपालीहरुको महान् चाड दसैं, तिहार तथा छठ नजिकिँदै गर्दा आम उपभोक्तामा एक किसिमको आर्थिक दबाब र सुलभताको दोहोरो महसुस हुन थालेको छ । वर्षका यी प्रमुख उत्सवहरुमा घरपरिवारको गर्जो टार्न, खानपानको व्यवस्था मिलाउन र चाडपर्वको उल्लास कायम राख्न खाद्यवस्तुको उपभोग स्वाभाविक रुपमा बढ्ने गर्छ । यस्तो संवेदनशील बेलामा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी र अनुचित मूल्य वृद्धिको जोखिम पनि उत्तिकै बढेर जान्छ । यसै सन्दर्भलाई मध्यनजर गर्दै झापा जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्पन्न बैठकले चामल, चिनी र नुनलगायतका अत्यावश्यक खाद्यान्नमा सहुलियत मूल्य निर्धारण गर्नु अत्यन्तै सकारात्मक र समयोचित कदम हो । यस निर्णयले महँगीको मारमा परेका विपन्न तथा मध्यमवर्गीय परिवारलाई केही हदसम्म राहतको अनुभूति गराउने निश्चित छ ।

प्रशासनिक तहबाट गरिएको यो निर्णयअनुसार जिरा मसिनो र सोना मन्सुली चामलमा प्रतिकेजी ५ रूपैयाँ छुट दिइनु, साथै चिनी र नुनको सहुलियत मूल्य तोक्नुले सरकार नागरिकको दैनिक जीवनप्रति जिम्मेवार रहेको प्रष्टिन्छ । विशेष गरी चाडपर्वका समयमा खाद्य सामग्रीको सहज आपूर्ति सुनिश्चित गर्न पर्याप्त मौज्दात राख्ने र सुपथ मूल्यका पसलहरु सञ्चालन गर्ने सहमतिले उपभोक्तालाई बजारको मनपरीबाट बचाउन महत्वपूर्ण भूमिका खेल्छ । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमार्फत २५ भन्दा बढी विक्रेताबाट थोकमा नुन उपलब्ध गराउने निर्णयले दूरदराजका उपभोक्तासम्म सहजरुपमा खाद्यान्न पुग्ने आधार तयार पारेको छ । यति मात्र होइन, स्थानीय उद्योग वाणिज्य संघ, ब्यापारिक संघसंस्था तथा निजी क्षेत्रका अन्य ब्यवसायीहरुलाई समेत आ–आफ्नो तर्फबाट उपभोक्तामैत्री छुट तथा राहत प्याकेज घोषणा गर्न गरिएको आह्वानले सहकार्यको संस्कृतिलाई बढावा दिएको छ ।

तर, यस्ता नीतिगत निर्णयहरु कागजमा मात्र सीमित हुने वा बजारमा प्रभावकारी रुपमा कार्यान्वयन नहुने पुरानो रोगले भने उपभोक्तालाई सधैँ चिन्तित तुल्याउने गरेको छ । इतिहास साक्षी छ, कतिपय सहुलियत पसलहरु केही सीमित स्थानमा मात्र खुल्ने र त्यहाँ पनि घन्टौं लाइन बस्नुपर्ने बाध्यताका कारण सर्वसाधारणले वास्तविक लाभ लिन सकेका छैनन् । त्यसैले, तोकिएको सहुलियत मूल्य झापाका सबै स्थानीय तह र बजार हरुमा अक्षरशः पालना भए नभएको अनुगमन गर्न प्रशासन र स्थानीय निकायले कम्मर कसेर लाग्नुपर्छ । कालोबजारी गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने र म्याद गुज्रिएका वा गुणस्तरहीन वस्तु बेचेर उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गर्ने जो कोहीलाई पनि कानुनको कठघरामा उभ्याउन ढिलाइ गर्नु हुँदैन ।

अन्त्यमा, चाडपर्व केवल खानपान र औपचारिकता मात्र होइन, यो सामाजिक सद्भाव, आपसी सहयोग र खुसी साटासाट गर्ने पर्व हो । राज्यका निकाय, सरकारी संस्थानहरु र निजी क्षेत्रका ब्यापारीहरुले आफ्नो नाफामुखी मानसिकताभन्दा माथि उठी सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिनु आजको प्रमुख आवश्यकता हो । झापा प्रशासनले चालु गरेको यो सकारात्मक पहलले जिल्लाभित्र मात्र नभई देशैभरका अन्य जिल्लाहरुका लागि समेत गतिलो सन्देश दिन सकोस् । सहुलियत मूल्यको यो घोषणा केवल चाडपर्वको मुखमा देखाइने देखावटी औपचारिकतामा सीमित नभई आम उपभोक्ताले सहजै लाभ लिन सक्ने गरी बजारमा ब्यावहारिक रुपमा कार्यान्वयन होस् भन्ने नै सम्पूर्ण नागरिकको अपेक्षा रहेको छ ।

चाडपर्वका बेला मूल्यवृद्धिको चिन्ता

✍ रत्न प्रजापति

दसैँ, तिहार, छठ, ल्होसार आदि देशभरिका प्राय: सबै समाज र समुदायले मनाउने मुख्य चाडपर्वहरू हुन्। यिनै चाडपर्वको सँघारमा बजारमा मूल्यवृद्धिले उकालो चढ्ने गर्छ।

नेपाली समाजमा तिथि, मिति र ऋतुअनुसार विभिन्न चाडपर्व मनाइन्छन् । धार्मिक आस्था र सांस्कृतिक चेतनाले ओतप्रोत भएर मनाइने चाडपर्वले मान्छेलाई खुसी, सन्तुष्टि र आनन्द प्रदान गरेर जीवनलाई नै अर्थपूर्ण बनाउने गरेको छ । संस्कृतिप्रति सधैँ जागरुक नेपाली समाजमा चाडपर्व सांस्कृतिक जीवनको अभिन्न अंगकै रूपमा जीवन्त छन् । हरेक दिन चाडपर्व मनाएर रमाउने र आफ्नो पेसाकर्ममा खट्ने दिनचर्या बोकेको नेपाली समाजमा जाति र समुदायअनुसारका विविध चाडपर्वले विशिष्ट महत्व बोकेका छन् । संस्कृतिप्रेमी नेपाली समाजमा चाडपर्वले घरपरिवार र समुदायलाई मित्रता र एकताको सूत्रमा बाँध्ने गरेको छ । सामाजिक सद्भाव कायम राख्नमा चाडपर्वको विशिष्ट भूमिका रहँदै आएको छ ।

चाडपर्वसँग जोडिएको आर्थिक गतिविधि

चाडपर्वसँग सामाजिक–सांस्कृतिक पक्ष मात्रै होइन, आर्थिक पक्ष पनि अविच्छिन्न रूपमा जोडिएको छ । यसो हुँदा राष्ट्रिय अर्थतन्त्रले चाडपर्वलाई आर्थिक गतिविधि चलायमान बनाउने महत्वपूर्ण आधारको रूपमा स्विकारेको छ । चाडपर्व नजिकिएसँगै आर्थिक गतिविधिले पनि तीव्रता पाउने गर्छ । उत्पादन, आपूर्ति र उपभोगको सहसम्बन्धले चाडपर्वका बेला अझ सुदृढ हुने अवसर पाउँछ ।

नेपाली समाजमा विशेष गरी ठूला चाडपर्वको आगमनसँगसँगै उपभोग र उपभोग्य वस्तुको उत्पादन र आपूर्तिले तीव्रता पाउँछ । उत्पादकले चाडपर्वलाई ध्यानमा राखेर उपभोक्ताको मागअनुसारका उपभोग्य वस्तु उत्पादन वृद्धि गर्छन् भने आपूर्तिकर्ताले पनि सोहीअनुसार नै उपभोग्य वस्तुको आपूर्ति शृंखलालाई बलियो बनाउँदै बजारमा वस्तुको आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाउँछन् ।

कहिलेकाहीँ उपभोक्ताको उपभोगको मनोविज्ञान र व्यापारीको नाफाको मनोविज्ञानले गर्दा आपूर्ति शृंखलामा विचलन पनि आउने गर्छ । न्यून आपूर्ति, कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि आदिले कहिलेकाहीँ बजारमा असहज परिस्थिति पनि सिर्जना हुन्छ । यो परिस्थितिले सर्वसाधारण उपभोक्ताको क्रयशक्तिमाथि नकारात्मक असर पार्छ ।

चाडपर्वका बेला मूल्यवृद्धि

दसैँ, तिहार, छठ, ल्होसार आदि देशभरिका प्राय: सबै समाज र समुदायले मनाउने मुख्य चाडपर्वहरू हुन् । यिनै चाडपर्वको सँघारमा बजारमा मूल्यवृद्धिले उकालो चढ्ने गर्छ । दसैँ, तिहार र छठ पर्व प्राय: असोज र कात्तिक महिनामा मनाइने हुँदा भदौदेखि मंसिरसम्मै मूल्यवृद्धि उकालो चढेको देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्यांकले पनि यही संकेत गरेको पाइन्छ ।

आर्थिक वर्ष २०८१-८२ मा भदौ, असोज, कात्तिक र मंसिर महिनामा उपभोक्ता मूल्यवृद्धिदर क्रमश: ३.८५ प्रतिशत, ४.८२ प्रतिशत, ५.६० प्रतिशत र ६.०५ प्रतिशत रहेको थियो भने वार्षिक औसत मूल्यवद्धिदर ४.०६ प्रतिशत थियो । आर्थिक वर्ष २०८२-८३ को भदौ, असोज, कात्तिक र मंसिर महिनाको उपभोक्ता मूल्यवृद्धिदर क्रमश: १.८७ प्रतिशत, १.४७ प्रतिशत, १.११ प्रतिशत र १.६३ प्रतिशत रहेको देखिन्छ भने वार्षिक औसत उपभोक्ता मूल्यवृद्धिदर ३.०८ प्रतिशत रहेको छ ।

चाडपर्वका बेला खासगरी खाद्यपदार्थको मूल्यवृद्धिदर उच्च रहेको पाइन्छ । तथ्यांकअनुसार भदौमा ३.८५ प्रतिशत रहेको खाद्यपदार्थको मूल्यवृद्धिदर असोजमा ७.५० प्रतिशत, कात्तिकमा ९.१० प्रतिशत र मंसिरमा ९.९९ प्रतिशतसम्म पुगेको देखिन्छ । यद्यपि, तथ्यांक र बजारको वास्तविक मूल्यवृद्धिदरबीच तादात्म्य रहेको देखिँदैन । बजारको महँगीले उपभोक्ताको ढाड सेक्दै गर्दा तथ्यांकको मूल्यवृद्धिदर विश्वसनीय देखिँदैन ।

यो वर्ष मुख्य चाडपर्वको सँघारमै भोटेकोसी बाढीले ठूलो परिमाणमा मानवीयसँगसँगै भौतिक संरचनामा गरेको क्षतिले सडक सञ्जाल छिन्नभिन्न भएको छ । यसको असर आपूर्ति प्रणालीमा परेको हुँदा उपभोग्य वस्तुको मूल्यवृद्धि हुने सम्भावना बढेको छ । भोटेकोसी बाढीबाट रसुवागढी नाका पूर्ण रूपमा बन्द भएको र चीनले तातोपानी नाका बन्द गरेका कारण कोरला नाकाबाट सामान ढुवानी गर्दा खर्च बढ्ने हुनाले यो वर्ष विशेष गरी तयारी सामानको मूल्यमा कम्तीमा १५ प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ । चाडपर्वका बेला उपभोग्य वस्तुको मूल्यवृद्धि हुनुमा आर्थिक, सामाजिक र मनोवैज्ञानिक कारणहरू रहेका पाइन्छन् ।

मूल्यवृद्धिका आर्थिक कारण

उपभोग्य वस्तुको मूल्यवृद्धिसँग उपभोग, उत्पादन र आपूर्तिको सम्बन्ध जोडिएको हुन्छ । विशेष गरी चाडपर्वका बेला उपभोगले तीव्रता पाउँछ । सामान्यभन्दा बढी उपभोग हुन थालेपछि वस्तुको माग बढ्न थाल्छ । वस्तुको माग बढ्न थालेपछि उत्पादन र आपूर्तिलाई तीव्रता दिनुपर्ने हुन्छ । कुनै कारणले उत्पादन वृद्धि हुन सकेन र बजारमा आपूर्ति शृंखलामा गडबडी भयो भने मूल्यवृद्धिले प्रश्रय पाउँछ ।

अर्थशास्त्रको सिद्धान्तअनुसार पनि वस्तुको आपूर्ति स्थिर रहेको र माग बढेको अवस्थामा वस्तुको मूल्यमा वृद्धि हुन्छ । यद्यपि, नेपाली बजारमा आपूर्ति स्थिर र माग कम हुँदा पनि विरलै मात्र मूल्य घटेको पाइन्छ । नियमित आपूर्ति भइरहेको अवस्थामा पनि परिस्थितिलाई हेरेर व्यापारीले वस्तुको कृत्रिम अभाव सिर्जना गरेर मूल्यवृद्धि गर्ने परम्परा चलिरहेको छ । यसलाई बजार अनुगमनले कुनै प्रभाव पार्न सकेको छैन ।

बजारमा बिचौलियाको बिगबिगी र अस्वस्थ बजार संरचनाले गर्दा पनि मूल्यवृद्धि हुने नेपालका एक घरपरिवारले वार्षिक औसत १ लाख ४५ हजार ९३ रेमिटेन्स प्राप्त गर्ने गरेका छन् । यही रेमिटेन्सका कारण औसत नेपालीको क्रयशक्ति र उपभोग संस्कृति बढेको छ । चाडपर्वका बेला उपभोग संस्कृतिले थप प्रश्रय पाउने गरेको छ । रेमिटेन्सका कारण बढ्दो उपभोग संस्कृति मूल्यवृद्धिको कारण बनेको छ ।

मूल्यवृद्धिको मनोवैज्ञानिक कारण

चाडपर्वका बेला उपभोगले स्वाभाविक रूपमा सामान्य अवस्थामा भन्दा बढी तीव्रता पाउँछ । उपभोग बढ्ने भएकैले उपभोक्ताहरू ठूला चाडपर्व आउनुअघि नै उपभोग्य वस्तुको जोहो गर्न थाल्छन् । पछि बजारमा वस्तुको अभाव हुने अथवा मूल्यवृद्धि हुने भय वा आशंकाले अधिकांश उपभोक्ताले उपभोग्य वस्तु अथवा सामानको मौज्दात राख्न खोज्छन् । उपभोक्ताको यस्तै मौज्दात राख्ने प्रवृत्तिले बजारमा केही हदसम्म उपभोग्य वस्तुको अभाव सिर्जना हुन्छ र मूल्यवृद्धिले प्रश्रय पाउँछ ।

चाडपर्वका बेला उपभोग्य वस्तुको मौज्दात राख्नुपर्छ भन्ने उपभोक्ताको मनोविज्ञान बुझेका व्यापारीले पनि सामान लुकाएर अथवा कृत्रिम अभाव सिर्जना गरेर मूल्यवृद्धि गर्न खोज्छन् । यस्तो कृत्रिम अभाव र अस्वाभाविक मूल्यवृद्धिको असर भने प्राय: न्यून आय वर्गका उपभोक्तामाथि पर्छ । विशेष गरी ज्याला–मजदुरी गरेर जीविका चलाउने उपभोक्तालाई चाडपर्व मीठो खाएर र राम्रो लगाएर रमाइलो गर्नेभन्दा कसरी व्यवहार चलाउने भन्ने चिन्ताले सताउने गर्छ । सम्भ्रान्तका लागि सधैँ चाडपर्वजस्तै हुन्छ । तर, गरिबका लागि कहिलेकाहीँ आउने चाडपर्वले पनि खुसीभन्दा बढी चिन्ता र तनाव दिन्छ । यसको मुख्य कारण चाडपर्वका बेला हुने कृत्रिम अभाव र अस्वाभाविक र अवास्तविक मूल्यवृद्धि नै हो ।

सार :

आमउपभोक्तालाई राहत प्रदान गर्नका लागि राज्यले बजार अनुगमनलाई प्रभावकारी बनाउनु, कालोबजारी, सिन्डिकेट र एकाधिकार नियन्त्रण गर्नु र उपभोग्य वस्तुको सहज उपलब्धतालाई विस्तार गर्नु आवश्यक हुन्छ । माग र आपूर्तिबीच सन्तुलन मिलाउन, बिचौलियाको प्रभाव निस्तेज पार्न र बजारमा मूल्यवृद्धिको अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गर्न राज्यको तदारुकता आवश्यक हुन्छ । उपभोक्ताले पनि आफ्नो आय र क्रयशक्तिअनुसारको वस्तु उपभोगमा ध्यान दिने, चाडपर्वलाई अनावश्यक सामाजिक प्रतिस्पर्धा र प्रतिष्ठाको लडाइँ नबनाउने र विवेकपूर्ण उपभोग संस्कृतिको विकास गर्नु वाञ्छनीय हुन्छ । कारोबारबाट ।

मन्त्रीपरिषद् बैठकका निर्णय

दमक/ सरकारले स्वास्थ्य क्षेत्रको सुधारका लागि अमेरिकी सरकारबाट प्राप्त हुने २०.७ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले अर्थ मन्त्रालयको प्रस्तावमा उक्त वैदेशिक अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको जानकारी दिएका हुन ।

बैठकले पूर्वाधार विकास तथा राष्ट्रिय सुरक्षासँग सम्बन्धित संरचना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र उपयोग गर्न दिने स्वीकृति प्रदान गरेको छ । जसअन्तर्गत पूर्व(पश्चिम राजमार्गअन्तर्गतको कमला(ढल्केबर(पथलैया सडक खण्ड, गर्जाङ खोला साना जलविद्युत् आयोजना, बलेफी खोला जलविद्युत् आयोजना तथा सशस्त्र प्रहरी बल नेपाललाई तालिम शिक्षालय, गुल्म र सीमा सुरक्षा पोस्ट (बीओपी) निर्माण गर्न राष्ट्रिय वन क्षेत्रको जग्गा उपयोग गर्न दिइने भएको छ ।

यसैगरी कानुन निर्माण प्रक्रियालाई अगाडि बढाउँदै बैठकले विभिन्न तीन वटा महत्वपूर्ण विधेयकहरू संघीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरेको छ । मन्त्री पोखरेलका अनुसार संघीय निजामती सेवा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, पशु वधशाला र मासु जाँच ऐन २०५५ लाई संशोधन गर्न बनेको विधेयक तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्मा पेस गर्न स्वीकृति दिइएको हो ।

मन्त्रिपरिषद् बैठकले निजामती प्रशासनका दुई सहसचिवलाई राजपत्राङ्कित विशिष्ट श्रेणी (सचिव) पदमा बढुवा गरी पदस्थापन समेत गरेको छ । नेपाल प्रशासन सेवा समूहीकरणतर्फका सहसचिव आवास श्रेष्ठ कर्णलाई बढुवा गरी गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिव पदमा पदस्थापन गरिएको छ भने नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फका डा. जगदीश्वर कर्माचार्यलाई सचिवमा बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव पदमा पदस्थापन गरिएको छ ।

निर्णयहरू सार्वजनिक गरेपछि पत्रकारहरूसँग कुराकानी गर्दै प्रवक्ता पोखरेलले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई पक्राउ वा नियन्त्रणमा नलिइएको, बरु परिवारकै तर्फबाट सुरक्षा माग भएपछि सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर उद्धार गरी सुरक्षित स्थानमा राखिएको दाबी गरे ।

खेलकुद क्षेत्रका विषयमा बोल्दै उनले लामो समयदेखि घरेलु लिग नहुँदा खेलाडीहरू मारमा परेकाले सरकार घरेलु लिग सञ्चालन गर्ने तयारीमा रहेको र खेल क्षेत्रको जग बलियो बनाउन देशभरका २७ ठाउँमा खेल पूर्वाधार निर्माणको कार्य अघि बढाइएको जानकारी समेत दिए ।

पूर्वप्रधानमन्त्री देउवाका लागि असोज १८ को संयोग

दमक/ नेपाली कांग्रेसका निवर्तमान सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका लागि असोज १८ गते रोचक संयोग परेको छ ।

विगतमा असोज १८ गते नै प्रधानमन्त्रीबाट पदच्युत भएका देउवाका लागि यो पटक पनि पार्टीको १५औँ महाधिवेशन औपचारिक रूपमा सुरु भएर पार्टी नेतृत्वबाट बिदाइ हुने मिति तय भएको छ ।

गत पुस २७ देखि ३० गतेसम्म भएको कांग्रेसको विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन भएपछि २०७८ मंसिरमा भएको १४ औं महाधिवेशनबाट सभापतिमा निर्वाचित भएका देउवा पार्टी सत्ताबाट बाहिरिएका थिए ।

आफू नेतृत्वको केन्द्रीय कार्यसमितिको सहमति बिना भएको भन्दै देउवाले त्यो विशेष महाधिवेशनलाई मानेका छैनन् । तर, यही असोज १८ गते पार्टीको १५ औं महाधिवेशन उद्घाटन गर्ने मिति तय भएको छ । विशेष महाधिवेशनबाट बनेको गगन थापा नेतृत्वको कार्यसमितिले असोज १६ गते १५ औं महाधिवेशनको उद्घाटन गर्ने मिति तय गरेको थियो । तर, असोज ८ देखि ११ गतेसम्म परेको निरन्तरको वर्षाले जनधनको क्षति र सड्क प्रभावित भएको भन्दै महाधिवेशनको उद्घाटन २ दिन परा सार्ने निर्णय गरेको छ ।

असोज १८ गते दिउँसो १ बजे खुलामञ्चमा महाधिवेशनको उद्घाटन हुने तय भएको छ ।

देउवाले विशेष महाधिवेशन नमाने पनि १५औँ महाधिवेशनपछि विधानका कारणले पनि उनी सभापति बन्न पाउँदैनन् । कांग्रेस विधानमा २ कार्यकालभन्दा बढी सभापति बन्न पाइन्न । देउवा १३ र १४ औं महाधिवेशन बाट सभापति बनेकाले विधानत: १५ औं महाधिवेशनमा सभापति बन्न पाँउदैनन् ।



कांग्रेसमा पार्टी आधिकारिकताको विषय भने सर्वोच्च अदालतमा विचाराधीन छ । त्यही विचाराधीन अवस्थालाई आधार बनाएर देउवा समूहले भने छुट्टै महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको छ ।

तथापि देउवाका लागि असोज १८ बिर्सनलायक दिन बन्ने पक्का भएको छ । वि.सं. २०५९ उनका लागि बिर्सनलायक दिनकै बनेको थियो । ०५९ असोज १८ गते देउवाको जीवन र नेपालको लोकतान्त्रिक यात्रामा एउटा ठुलो 'संयोग' वा 'दुर्घटना' घटेको थियो ।

०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्र शाहले देउवा नेतृत्वको सरकारलाई 'अक्षम' भन्दै बर्खास्त गरेका थिए । राजा ज्ञानेन्द्रले संविधानको धारा १२७ को प्रयोग गरी देउवालाई प्रधानमन्त्री पदबाट हटाएर केही दिनका लागि कार्यकारी अधिकार आफ्नो हातमा लिएका थिए ।

राजा ज्ञानेन्द्रले देउवालाई हटाउँदा तत्कालीन प्रतिनिधिसभा पनि विघटन गरिदिएका थिए । रोचक कुरा के छ भने देउवा स्वयले प्रधानमन्त्रीको रूपमा २०५९ जेठमा प्रतिनिधि सभा विघटनको सिफारिस गरेका थिए ।

देउवाको सिफारिस बमोजिम ०५९ जेठ ८ गते राजा ज्ञानेन्द्रले संसद् विघटन गरिसकेकाले असोज १८ गते देउवालाई प्रधानमन्त्रीबाट हटाएर शासन सत्ता आफ्नो हातमा लिएका थिए ।

आफ्नै सिफारिसमा संसद् विघटन भइसकेकाले राजाको 'अलोकतान्त्रिक' कदमको सिकार देउवा आफै बन्नुपरेको थियो । ०५९ असोज १८ लाई नेपालका राजनीतिक दलहरूले 'शाही कदम' वा 'प्रतिगमन' भनेर विरोध गरेको दिनका रूपमा पनि अहिलेसम्म परिचित छ ।

आफू प्रधानमन्त्रीबाट अपदस्त भएपछि देउवा स्वयं राजा ज्ञानेन्द्रको विरुद्धमा उभिए र तत्कालीन राजनीतिक दलहरूसँग सहकार्य गरेर राजा फाल्ने अभियानमा लागे । जसले गर्दा पछि उनले लोकतान्त्रिक आन्दोलनको नेतृत्व गर्ने अवसर पाए ।

असोज १८ मा पद गुमाएपछि देउवाको राजनीतिक यात्रा धेरै उतारचढावपूर्ण रह्यो । राजाको शासन कालमा पटक पटक जेल जीवन व्यथित गर्न पऱ्यो । राजाको शासन काला सकिएपछि भने उनले पटक-पटक प्रधानमन्त्री बन्ने अवसर पाए ।

०५९ असोज १८ को घटना देउवाको जीवनमा 'सत्ता गुमेको दिन' मात्र नभएर उनको राजनीतिक अस्तित्वमाथि नै प्रश्न चिह्न खडा भएको दिन थियो । तर, इतिहासको पाङ्ग्रा यसरी घुम्यो कि त्यही घटनाले उनलाई थप बलियो र परिपक्व राजनीतिक खेलाडीका रूपमा स्थापित गर्न मद्दत गऱ्यो । साधारण सदस्यता समेत नरहने गरी कारबाही भोगेको पार्टीको दुई कार्यकाल सभापति हुने अवसर पाए ।

चाडबाडको मुखमा चीनसँगका तीनवटै नाका ठप्प

दमक/ तीन दिनको लगातारको झरी र प्राकृतिक विपत्तिका कारण उत्तरी छिमेकी मुलुक चीनसँगको स्थलगत व्यापार पूर्णरूपमा ठप्प भएको छ। दसैं आउन दुई साता मात्र बाँकी रहँदा चीनसँग जोडिएका प्रमुख तीनवटै व्यापारिक नाका एकपछि अर्को गर्दै बन्द भएपछि दुई देशबीचको स्थलमार्गबाट हुने आपूर्ति शृंखला टुटेको छ।

चालु आर्थिक वर्षको पहिलो दुई महिनामै नेपालले चीनबाट ७६ अर्ब ४० करोड रुपैयाँभन्दा बढीको वस्तु आयात गरेको भन्सार विभागको तथ्यांक छ। तर, अब प्रमुख तीनवटै नाका जाने सडक र संरचना भत्किएपछि स्थलमार्गबाट हुने ठूलो परिमाणको व्यापारिक कारोबार असम्भव बनेको छ। पहिरोको जोखिम देखाउँदै चीनले सबैभन्दा पुरानो तातोपानी(खासा नाका यसअघि नै बन्द गरेको थियो। त्यसपछि १० भदौमा भोटेकोशीमा आएको बाढीले रसुवागढी नाकाको भौतिक संरचना पूर्णरूपमा ध्वस्त बनायो।

यी दुई मुख्य नाका बन्द भएपछि नेपाल(चीन व्यापारको भरपर्दो विकल्प बनेको मुस्ताङको कोरला नाका पनि पछिल्लो बाढीका कारण सडक सम्पर्कबाट विच्छेद भएको छ।

स्वास्थ्य

मौसम परिवर्तनको समयमा लाग्न सक्छन् रोग

झरीपछि टन्टलापुर घाम अनि अब विस्तारै चिसो मौसम सुरु भइरहेको छ। यसरी मौसम परिवर्त हुने बेला रुघाखोकी, ज्वरो, 'फंगल इन्फेक्सन', टाइफाइड, मलेरियाजस्ता रोग लाग्ने जोखिम बढी हुन्छ। त्यसैले मौसम परिवर्तन हुने बेलामा स्वास्थ्यबारे बढी सचेत हुनुपर्छ।

✎ मौसम बदलिने बेलामा र अझ झरी सकिए लगत्तैका दिनमा हेपाटाइटिस र टाइफाइड लाग्ने जोखिम बढी हुन्छ। यसबाट बच्न सडकमा बेच्नराखेका खानेकुरा र पेय पदार्थ भरिसक्के खानु हुँदैन। सकेसम्म घरमै खानपिन गर्नुपर्छ।

✎ मौसम परिवर्तन भइरहेको बेला उमालेको पानी खाने गर्नुपर्छ। जथाभावी पानी खानु हुँदैन। किनकि, बदलिँदो मौसममा पानीबाट रोग संक्रमण हुने जोखिम बढ्दा हुन्छ।

✎ झरी सकिएपछि पानीको दह ठाउँ-ठाउँमा जम्मा भएको हुन्छ, जहाँ अनेक खालका किटाणु र ब्याक्टेरिया हुर्किने, बढ्ने गर्छन्। हिँड्दावर्दा यस्ता दहमा पाइने कीटाणु शरीरमा सर्ने हुँदा मौसम परिवर्तन भइरहेको अहिलेको अवस्थामा दिनहुँ नुहाउने गर्नुपर्छ। नुहाउँदा 'एन्टिब्याक्टेरियल' साबुन प्रयोग गर्नु लाभदायक हुन्छ।

✎ विशेषगरी महिलाले नुहाइसकेपछि कपाललाई सुक्न दिनुपर्छ। चिसै कपाल बाटेर काममा हिँड्नुभयो भने यस्तो समयमा कपाल टुक्रने, झर्ने जोखिम बढी हुन्छ।

✎ अहिलेको बदलिँदो मौसममा संक्रमण हुनसक्ने अर्को रोग हो, हैजा। देशका कतिपय स्थानमा हैजा रोग फैलिएको समाचार केही समयअघिदेखि नै आइरहेका छन्। त्यही भएर बासी खाना भरिसक्के खानु हुँदैन। तातो खाना खाने र खाना, पानी आदिलाई छोपेर राख्ने गर्नुपर्छ।

✎ बाहिरबाट आएपछि अथवा केही काम गरेपछि साबुन पानीले हात धुने गर्नुपर्छ। साथै, खाना खाइसकेपछि र खानुअघि पनि अनिवार्य रूपले साबुन पानीले हात धुने गर्नुपर्छ।

✎ ठाउँ-ठाउँमा जम्ने पानीका कारण लामखुट्टे लाग्ने भएकाले मलेरिया, डेंगूजस्ता रोग झरी लगत्तैको समयमा लाग्ने सम्भावना बढी हुन्छ। त्यही भएर लामखुट्टे लाग्ने ठाउँमा बस्नेले झुल हाल्न अल्छी गर्नु हुँदैन। अथवा, लामखुट्टे भगाउने क्वाइल, स्प्रे आदिसमेत प्रयोग गर्न सकिन्छ।

✎ झरीलगत्तै मौसम बदलिँदा धेरैलाई रुघाखोकी लाग्ने गर्छ। किनकि, यस्तो बेलामा मानिसमा रोगप्रतिरोधी क्षमता कम हुने गर्छ। यस्तो मौसममा रुघाखोकीबाट बच्न घरबाट निस्किने बेलामा मास्क र टोपी अथवा स्कार्फ लगाउने बानी बसाल्नुपर्छ। शरीरको रोगप्रतिरोधी क्षमता बढाउन साग, फलफूल र सलाद सकेसम्म बढी खानुपर्छ।

✎ मौसम बदलिरहेको अहिलेको समयमा पेट गडबड हुने, एसिडिटी बढ्ने, कब्जियत हुने आदि जोखिम पनि बढी हुन्छ। यस्तो जोखिम कम गर्न ताजा खाना खाने र प्रशस्त पानी पिउने गर्नुपर्छ। अहिलेको जस्तो बदलिँदो मौसममा केही घण्टाअघि काटेर राखेको फलफूल खानु हुँदैन। किनकि, यस्ता फलफूलमा जीवाणु संक्रमण भएको हुन सक्छ।

✎ काखी, खुट्टा, औँलाको काप, हिप आदिमा हावा सञ्चार नहुने अथवा कम हुने भएकाले यी ठाउँमा अहिलेको बदलिँदो मौसममा 'फंगल इन्फेक्सन' हुने जोखिम बढी हुन्छ। यसबाट बच्न शरीरलाई भरिसक्के चिसो राख्नु हुँदैन र नुहाएपछि शरीरलाई राम्रोसँग पुछ्ने गर्नुपर्छ। साथै, काखी, काछ आदिको सरसफाइमा अतिरिक्त ध्यान दिने र पेन्टी र रुमाल दिनहुँ धोएर मात्र प्रयोग गर्ने गर्नुपर्छ।

✎ अहिले कोरोना भाइरसको संक्रमण दरमा केही कमी आएको भए पनि जोखिम भने टरेको छैन। त्यसकारण जनस्वास्थ्यका मापदण्डहरु जस्तै भीडभाडमा नजाने, भौतिक दूरी कायम गर्ने, मास्क लगाउने र साबुन पानीले हात धुने गर्नुपर्छ।

१. एउटा छोरा भाग्यले मिल्ने गर्दछ तर छोरी भने सौभाग्यले मात्र मिल्ने गर्दछ।
२. छोरी सबैको भाग्यमा कहाँ हुन्छ र, इश्वरले त्यहि घरमा दिन्छ जहाँ भगवानलाई इच्छा लाग्छ।
३. छोरी हुन इश्वरको उपहार यसैले उनलाई दिनुपर्छ स्वतन्त्र बच्ने अधिकार।
४. हरेक छोरीको भाग्यमा एउटा बुवा हुन लेखेको हुन्छ तर हरेक बुवाको भाग्यमा छोरी लेखेको नहुन सक्छ।
५. एक बुवाले लेखेका थिए, 'मेरो छोरा तबसम्म मेरो हो जबसम्म उसलाई श्रीमती मिल्दैन तर मेरो छोरी तबसम्म मेरी हो जबसम्म मेरो जिन्दगि सकिदैन।'
संसारको सारा खुसी एक शब्दमा लेख्ने हाम्रो प्रतिष्पर्धा चलेको थियो; उसले पुरै डिक्सनरी खोज्दै रह्यो मैले 'छोरी' लेखिदिए।
६. यो आवश्यक छैन कि दियोले नै उज्यालो छर्ने गर्दछ, यदि घरमा छोरी छिन भने घर उज्यालो हुने गर्दछ।
७. छोराले बाउको सम्पति बाढ्ने गर्दछन तर छोरीले सधै आफ्नो बाउको दुख बाढ्ने गर्दछन।
८. छोराले वस्, एउटा घर चलाउने गर्दछन तर छोरीले दुइ-दुइ ओटा घरलाई स्वर्ग बनाउने गर्दछन।
९. रुप रंग जस्तै होस्, हरेक बाउको लागि आफ्नो छोरी परि समान हुने गर्दछ।
१०. जसले दाइजोमा पैसा माग्दछ उसलाई भिख दिनु, छोरी होइन।
११. भगवान सबैतिर हुन सक्दैनन यसैले उनले आमा बनाइदिए।
- रुडयार्ड किप्लिंग
१२. छोरी, मैले तिमीलाई तिम्रो जिन्दगि उपहार दिएको होइन बल्कि भगवानले मलाई तिमि उपहार स्वरूप दिएका हुन्।
१३. एउटी छोरी विस्तारै तिम्रो काखा भन्दा ठूलो हुदै जानेछिन र आफ्नो काखमा राख्न नासकौला तर उनि कहिल्यै पनि तिम्रो हृदयमा नटाउने गरी ठूली हुनेछैनिन।
१४. संसारको सारा खुसी एक शब्दमा लेख्ने हाम्रो प्रतिष्पर्धा चलेको थियो; उसले पुरै डिक्सनरी खोज्दै रह्यो मैले 'छोरी' लेखिदिए।
१५. छोरी त हुन् जीवनको आधार, कहिल्यै नसम्झनु उनलाई भार।

लागुऔषधसहित सात जना पक्राउ

दमक/ सुनसरीका विभिन्न स्थानबाट लागुऔषधसहित सात जना पक्राउ परेका छन्। इनरुवा नगरपालिका, धरान उपमहानगरपालिका र इटहरी उपमहानगरपालिकाका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरिएको हो। पक्राउ पर्नेमा धरान उपमहानगरपालिका-१९ का मनिष योगी र पुजन श्रेष्ठ, इटहरी उपमहानगरपालिका-१ का २७ वर्षीय सुरज माझी, २० वर्षीय तोरण माझी र ३० वर्षीय मनिस माझी तथा इटहरी उपमहानगरपालिका(१२ खनारका २० वर्षीय अजयकुमार चौधरी र इटहरी उपमहानगरपालिका(११ का ३० वर्षीय सुमित गुरुङ रहेका छन्। जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार इनरुवा नगरपालिका(४ बसचोकस्थित पूर्व(पश्चिम राजमार्गमा शंका लागेर सुरज माझी, तोरण माझी र मनिस माझीलाई खानतलासी तथा चेकजाँच गर्दा मलद्वारबाट लागुऔषध ब्राउन सुगर ५.४९ ग्राम बरामद भएको थियो। उनीहरूलाई लागुऔषधसहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सुनसरीमा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

त्यसैगरी, धरान उपमहानगरपालिका(१९ गैरीगाउँमा २३ वर्षीय पुजन श्रेष्ठको कोठामा चेकजाँच गर्दा लागुऔषध ब्राउन सुगर १.१३ ग्राम बरामद भएको प्रहरीले जनाएको छ। श्रेष्ठलाई लागुऔषधसहित नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय धरानमा ल्याएर थप अनुसन्धान भइरहेको छ।

पुस्तक-साभार

सफल वक्ता कसरी बन्ने

✍सं. विनिता पौडेल

विस्तृत ज्ञान एकत्रित गर्नुस्

क्रमागत...... जोश तथा विश्वास: भाषणको समयमा तपाईं जे बोल्नुहुन्छ त्यो दृढ विश्वास तथा जोशका साथ प्रस्तुत गर्नुस्। विश्वासमा जादू हुन्छ। त्यसैले तपाईंको भाषणको जादुमय प्रभाव मानिसमा पर्ने छ।

भाषणको मुख्य भाग: भाषणको मुख्य भागमा तपाईले विषय सम्बन्धि ठोस प्रमाण पेश गरेर जनताको दिमागमा आफ्नो विचारको लागि स्थान बनाउनु छ। उचित विषय तथा पर्याप्त ज्ञान हुनाको साथसाथै तपाईंले यो कुरामा पनि ध्यान दिनुपर्छ कि तपाई मंचमा कस्तो देखिनुहुन्छ। साथै यसको ध्यान पनि राख्नुपर्छ कि कतै तपाईंको विषय त छुटिरहेको छैन।

आँखामा हेर्नुस् भाषण प्रस्तुत गर्दा जनताको आँखामा आँखा जुधाएर हेर्नुपर्छ। यसरी तपाई एक एक गरेर धेरै मानिसलाई केही क्षणको लागि बुझाउन सक्नुहुन्छ। यस्तो गर्नाले तपाईंको विश्वास पनि बढ्ने छ तथा तपाईंलाई थाहा पनि हुनेछैन कि तपाईंको भाषण कहिले सकियो।

भाषणको अन्त्य : जसरी प्रारम्भमा रोचकताको धेरै महत्त्व छ, त्यसैगरी भाषणको एक रोचक अन्त्य पनि हुनुपर्छ। भाषणको अन्त्यमा मुख्य कुरा दोहो-याउन नबिर्सनुस्, किनकि जब श्रोता संक्षेपमा मुख्य कुरा फेरि सुन्छन् तब ऊ यसलाई धेरै समयसम्म याद राख्न सक्छन्। भाषणको अन्त्यमा श्रोता तथा आयोजकलाई धन्यवाद दिन नभुल्नुस्।

ओताको विश्वास जीत्नुस् : आफ्नो भाषणको सफलताको लागि तपाईंले श्रोताको मन जीतेर आफ्नो पक्षमा पार्नुपर्छ। यसको लागि तपाईं केही यस्ता खालको वाक्य प्रयोग गर्नसक्नुहुन्छ

१. तपाईलाई थाहै होला..

२. तपाईले देख्नुभयो होला..

भाषणको समयमा जब कुनै श्रोता बीचमा राम्रो जानकारी दिदै बोल्छ तब तपाईंले यसलाई नराम्रो मान्नु हुँदैन। त्यो समय तपाई भन्न सक्नुहुन्छ कि तपाईं बिल्कुल सही गरिरहनु भएको छ। यस्ता श्रोताको प्रशंसा गर्न नबिर्सनुस्, किनकि यही तपाईंको साँचो साथी हो।

स्मृति कस्तो छ ?

एक सफल वक्ताको लागि आवश्यक छ कि तपाईको स्मृति राम्रो होस्, किनकि यस्तो मानिस नै धेरैभन्दा धेरै जानकारी आफूसँग राख्न सक्छ। कमजोर स्मरणशक्ति भएको मानिस त्यो बिनाकम्पासको समुद्री जहाज कै हुन्छ, जो केही टाढा गएपछि आफ्नो बाटोबाट भौतारिन्छ। त्यसैले एक राम्रो वक्ता बन्नको लागि जरूरी छ कि तपाईको स्मरण पनि उन्नत होस्। यसमा सुधार गर्नको लागि तपाईं शवासन, समाधि तथा चिन्तन आदि गर्न सक्नुहुन्छ। स्मृति बढाउनको लागि अरू पनि उपाय गर्न सकिन्छ। रक्सी आदिको नशाबाट आफूलाई सदैव टाढै राख्नुस् किनकि यसबाट हाम्रो स्नायु तन्त्रलाई पनि नोक्सान पुग्छ तथा यसले हाम्रो स्मरण शक्तिलाई पनि कमजोर बनाइदिन्छ।

एक सजिलो काम

तपाईंलाई अबसम्म यो थाहा भइसक्यो होला कि सफल भाषण दिनु कुनै मुश्किल काम हैन। यदि हामी साँचो लगनले भाषणलाई सफल रोचक तथा प्रभावशाली बनाउने प्रयत्न गर्छौं भने निश्चित रूपमा नै हामी सफल हुनेछौ। तपाईंले पाउनु हुनेछ कि भाषण दिनु एक कठिन काम नभएर आनन्ददायी काम हो तर यसको लागि तपाईले सिकाइएको हर टेक्निक अपनाउनु पर्ने छ। हामी मध्ये कुनै पनि यक्ता बेकारको भाषण दिन चाहँदैन तर कैयौं पटक अभ्यास तथा सही ज्ञानको अभावमा हामी सफल एवं प्रभावशाली भाषण दिनमा असमर्थ हुन्छौ। मैले देखेको छु कि धेरै वक्ता उचित विषय रोज्छन्, विचार पनि सही ढंगले प्रस्तुत गर्छन्, तर भाषणमा नीरस आंकडा सामेल गरेर विषयमा रूखोपन ल्याइदिन्छन्। रूखो ढंगले प्रस्तुत गरिएको आंकडालाई कसैले पनि मनपराउँदैन। यदि तपाई आकडा दिनै चाहनु हुन्छ भने बिल्कुलै सही संख्या बताउनु पर्ने जरूरी छैन। यदि कुनै वक्ताले यसो भन्छ कि हाम्रा स्वयं सेवकले देशभरमा एघार लाख उनान्सय हजार नौ सय बाइ पुरूष तथा आठ लाख उन्नचालीस हजार तीन सय छब्बीस महिलालाई पढ्न लेख्न सिकाए, तब श्रोता वर्ग दिक्दार हुनेछ, तर यही आंकडालाई यदि राम्रो ढंगले प्रस्तुत गर्ने हो भने भाषणमा रोचकता आउने छ। क्रमश:.....

मनोरञ्जन

गीत 'अचेल किन कान्छी' सार्वजनिक

दमक/ यहीँ असोज ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'आ बाट आमा २'को गीत सार्वजनिक भएको छ। 'अचेल किन कान्छी'बोलको डान्सिङ गीतमा पल शाह,मलिका महत,आकाश श्रेष्ठ लगायत सामूहिक डान्समा रमाइलो गरिरहेको देख्न सकिन्छ।

सामूहिक विवाहमा उनीहरूको नाच रहेको छ। दुलाहाहरूले समेत छमछमी नाचेका छन्। गीतको कोरियोग्राफी गंभिर विष्टले गरेका छन्। गीतमा शब्द, संगीत बाबुल गिरीले गरेका हुन् भने गायन रवि ओड र गंगा सोनामको रहेको छ। साथै सामूहिक स्वरमा भने शंकर सिङ ठकुरी, प्रेम राई अञ्जना खतिवडा,सुस्मिता दाहालको छ।

पल शाह र मलिका महतको फिल्ममा यो पहिलो सहकार्य हो। चन्द्र पन्तको कथा,पटकथा तथा निर्देशन रहेको यस फिल्ममा पल शाह, मलिका महत र बिपना थापा,रिश्ता गुरुङ, निकिता आचार्य, आकाश श्रेष्ठ, सबिन श्रेष्ठ, प्रदीप रावत, साइग्रेस पोखरेल, गजित विष्ट, नरेन खड्का, दिलिप अखेडालगायतको मुख्य भूमिका छ।

यस फिल्मको लेखनमा रोशन भट्ट र चन्द्र पन्तले सहकार्य गरेका छन् भने संवाद रोशन भट्ट पनि रहेका छन्। नवराज उप्रेतीको छायांकन, बाबुल गिरीको संगीत, गम्भीर बिष्टको नृत्य निर्देशन तथा साहिल खान र मिलन श्रेष्ठको सम्पादन रहेको फिल्मको ओएसआर डिजिटल डिजिटल पार्टनर रहेको छ भने फिल्मलाई आरआर फिल्मस्ले नेपालभर वितरण गर्दैछ।

दैनिक राशिफल

आज मिति
२०८३ साल
असोज १५ गते
बिहीबार
1 Oct. 2026
तिथि: पञ्चमी/ षष्ठी श्रद्धा

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	पढाईमा रुचि । सामान्य विवाद ।
वृष	इ उ ए ओ वा वि वु वे वो	कार्यमा सफल । धर्ममा रुचि ।
मिथुन	का कि कु घ ङ छ के को हा	खुट्टामा समस्या । सामान्य धन लाभ ।
कर्कट	हि हु हे हो डा डि डु डे डो	पारिवारिक सुख । किराना पसलबाट लाभ ।
सिंह	मा मि मु मे मो टा टि टु टे	रोजगारीको अवसर । बुबाको सहयोग ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	धर्ममा रुची । व्यवसायबाट धन लाभ ।
तुला	रा री रु रे रो ता ती तु ते	मनमा उदासिन । आयमा कमी ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	जीवन साथीको माया बढ्ने । कारोबारमा सफलता ।
धनु	य यो भा भी भ धा फा ढ भे	आयमा कमी । मावलीबाट सहयोग ।
मकर	भो जा जी खि खू खे खो गा गी	अहमको भावना बढ्ने । कार्यमा ढिलो वा आयमा कमी ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	आयमा कमी । शरिरमा समस्या ।
मीन	दि दु थ झ ञ दे दो चा ची	शत्रु बढ्ने । आम्दानीमा कमी ।

भेट्रान कपको चटारो : यहीँ असोज १५ गतेदेखि दमकमा भेट्रान फुटबल प्रतियोगिता आयोजनाका लागि खेलमैदान सरसफाईदेखि तयारी भईरहेको छ । दमक भेट्रान फुटबल क्लबको आयोजनामा दमक-२ बेलडाँगी खेलमैदानमा सो प्रतियोगिता हुँदैछ ।

नेटवर्किङ र चिट्ठामाथि प्रहरी अनुसन्धान

बिर्तामोड । बिर्तामोडमा सञ्चालन भइरहेका नेटवर्किङ व्यवसाय र चिट्ठा कार्यक्रममाथि प्रहरीले अनुसन्धान अघि बढाएपछि व्यवसायीको एक समूहले प्रशासनमाथि दबाब दिने प्रयास गरेको छ ।

एनके प्युरिफाइका सञ्चालक कचनकवल-२ का मिलन अधिकारी र अर्जुनधारा-१० का माधव घिमिरेलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ । चिट्ठा कार्यक्रमलाई लिएर ग्राहकहरूले जिल्ला प्रशासन कार्यालयमा सामूहिक उजुरी दिएपछि प्रशासनले इलाका प्रहरी कार्यालय बिर्तामोडलाई अनुसन्धान गर्न निर्देशन दिएको थियो ।

सोही आधारमा पक्राउ परेका दुवै जनामाथि अदालतबाट दोस्रोपटक म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनीहरूलाई रिहा गर्न तथा चिट्ठा कार्यक्रम सञ्चालन गर्न दिनुपर्ने माग गर्दै नेटवर्किङ व्यवसायमा संलग्न समूह सोमबार जिल्ला प्रशासन कार्यालय पुगेको थियो । प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले भने कानुनविपरीत कुनै पनि व्यवसाय वा चिा कार्यक्रम सञ्चालन गर्न नदिइने स्पष्ट पारेका छन् ।

प्रहरीका अनुसार एनके प्युरिफाइको चिा कार्यक्रम हाल बन्द छ । ग्राहकबाट ठूलो रकम संकलन गरिएको र करिब १८ हजार ग्राहक प्रभावित भएको दाबीबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

बिर्तामोडमा विभिन्न कम्पनीले नेटवर्किङ व्यवसाय सञ्चालन गरिरहेको र तिनका गतिविधिबारे समेत प्रश्न उठेको छ । तीन साताअघि प्रहरीले ग्लोबल ओरियन्सको कार्यालयमा छापा मारेर ४१ जनालाई नियन्त्रणमा लिएको थियो । प्रहरीले नेटवर्किङ व्यवसायका नाममा हुनसक्ने ठगी र गैरकानुनी गतिविधिबारे अनुसन्धान तीव्र बनाएको जनाएको छ ।

आमसञ्चार र प्रेस काउन्सिल नेपाल ऐन संशोधन विधेयक ल्याउने तयारी

दमक/ सरकारले सामाजिक सञ्जालमा सम्प्रेषित सामग्रीहरूको तथ्य जाँच गर्ने भएको छ । यसका निम्ति छुट्टै अध्ययन गरिँदैछ ।

सूचना तथा संचारमन्त्री डा. विक्रम तिमिल्सिनाले यसबारे संसदलाई जानकारी दिएका छन् । साथै, मन्त्री तिमिल्सिनाले आमसञ्चार ऐन संशोधन विधेयक र प्रेस काउन्सिल नेपाल ऐन संशोधन विधेयक पनि ल्याइँदै गरेको जानकारी गराए ।

बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्दै मन्त्री तिमिल्सिनाले भनेका छन्, आमसञ्चार र प्रेस काउन्सिल नेपाल ऐन संशोधन विधेयक ल्याउने तयारी भइरहेको छ । साथै 'सामाजिक सञ्जाल प्लेटफर्ममा प्रकाशन र प्रसारण हुने सामग्रीहरूको फ्याक्ट चेक तथ्य जाँच गर्ने एउटा अध्ययन पनि अगाडि जानकारी गराउन चाहन्छु ।'

यो विषयमा सञ्चार मन्त्रालयले गृहमन्त्रालय र साइबर ब्युरोसँग पनि आवश्यक छलफल, समन्वय र सहकार्य गरिरहेको बताएका छन् ।

सामाजिक सञ्जालमा गलत सूचना राख्नेलाई सचेत गराउनुपर्ने, कारबाही गर्नुपर्ने विषय संसद्मा समेत उठेको बताए । चरित्र हत्याको विषयमा अहिले पनि सरकारले काम गरिरहेको बताए ।

अन्तर्राष्ट्रिय

विस्फोटमा परि तीन बालबालिकाको मृत्यु

एजेन्सी/ पूर्वी अफगानिस्तानको नंगरहार प्रान्तमा विगतको युद्धबाट बाँकी रहेको विस्फोटक उपकरण पड्किँदा तीन बालबालिकाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

प्रान्तीय सरकारी कार्यालयका अनुसार बाला खोग्यानी जिल्लामा मंगलबार बालबालिकाले खेल्ने क्रममा खेलौनाजस्तो वस्तु फेला पारेका थिए । उनीहरूले उक्त वस्तुसँग खेलिरहेका बेला विस्फोट हुँदा तीन बालबालिकाको घटनास्थलमै मृत्यु भएको हो । विस्फोटमा एक बालक घाइते भएको र उनको उपचार भइरहेको जनाइएको छ ।

चार दशकभन्दा लामो युद्ध र नागरिक द्वन्द्वबाट प्रभावित अफगानिस्तानमा जमिनमुनि रहेका विस्फोटक उपकरण र बारूदी सुरूङका कारण अझै पनि सर्वसाधारण जोखिममा रहेको बताइएको छ ।

वैकल्पिक मार्ग खोज्दै भारत, चीनसँग वार्ता

नयाँदिल्ली/ पाकिस्तानले भारतीय विमानका लागि आफ्नो हवाई क्षेत्रमाथिको प्रतिबन्ध थप गरेपछि भारतले वैकल्पिक हवाई मार्गका लागि चीनसँग वार्ता गरिरहेको स्रोतहरूले बताएका छन् । स्रोतका अनुसार भारतीय एयरलाइन्सका लागि पाकिस्तानको हवाई क्षेत्रको विकल्पका रूपमा चीनको सिन्जियाङ क्षेत्र हुँदै हवाई मार्ग प्रयोग गर्ने सम्भावनाबारे भारतले चिनियाँ अधिकारीसँग छलफल गरिरहेको छ । विशेषगरी सिन्जियाङको होतान क्षेत्रमाथिको हवाई मार्ग प्रयोग गर्ने विषयमा छलफल भइरहेको जनाइएको छ ।

भारतको विदेश मन्त्रालयले यस विषयमा चिनियाँ समकक्षीसँग लामो समयदेखि कुराकानी गरिरहेको स्रोतले जनाएको छ ।

पाकिस्तान विमानस्थल प्राधिकरण ९पीएए० ले जारी गरेको 'नोटिस टु एयरमेन' (नोटाम) अनुसार भारतीय विमानमाथि लगाइएको हवाई क्षेत्र प्रतिबन्ध अक्टोबर २४ सम्म विस्तार गरिएको छ। यसअघि प्रतिबन्ध सेप्टेम्बर २४ मा समाप्त हुने तय थियो । सन् २०२५ अप्रिल २२ मा जम्मु(कश्मीरको पहलगाममा भएको आतंकवादी आक्रमणपछि भारत र पाकिस्तानबीच हवाई क्षेत्रमा समेत तनाव बढेको हो । उक्त आक्रमणमा २६ जनाको मृत्यु भएको थियो ।

घटनापछि भारतले पाकिस्तानमा रहेका आतंकवादी पूर्वाधारलाई लक्षित गर्दै सैन्य कारबाही गरेको थियो । भारतले उक्त कारबाहीलाई 'अपरेसन सिन्दूर' नाम दिएको थियो ।

तनाव बढेपछि दुवै देशले एकअर्काका विमानमाथि हवाई क्षेत्र प्रयोगसम्बन्धी विभिन्न प्रतिबन्ध लगाएका छन् ।

मोरङ-६ कांग्रेस अधिवेशनमा झडप

विराटनगर । नेपाली कांग्रेस मोरङ क्षेत्र नम्बर ६ को क्षेत्रीय अधिवेशनका क्रममा बुधबार संस्थापन र इतर समूहका कार्यकर्ताबीच झडप हुँदा सहमहामन्त्री डा. डिला संग्रौलासहित नेताहरु घाइते भएका छन् । झडपपछि सुन्दरहरैँचामा आयोजित अधिवेशनको प्रक्रिया अनिश्चित बनेको छ ।

क्रियाशील सदस्यताको विषयमा लामो समयदेखि देखिएको विवाद अधिवेशनस्थलमा तोडफोड र कुटपिटसम्म पुगेको हो । घटनामा क्षेत्रीय कार्यवाहक सभापति एवं पूर्वसांसद चुमनारायण तबदार र नेता चेतराज रेग्मीलगायत घाइते भएका छन् । घाइतेहरूको विराटनगरस्थित नोबेल मेडिकल कलेजमा उपचार भइरहेको जनाइएको छ ।

बुधबार उम्मेदवारी मनोनयनको कार्यसूची तय गरिएको थियो । तर, अधिवेशनको औपचारिक उद्घाटनअघि नै असन्तुष्ट समूहले मञ्च तथा हलमा तोडफोड गरेपछि विवाद बढेको थियो । प्रत्यक्षदर्शीका अनुसार स्थिति नियन्त्रणबाहिर गएपछि नेताहरूबीच कुर्सी हानाहान र हातपातसमेत भएको थियो ।

क्षेत्रमा वडा तहदेखि नै क्रियाशील सदस्यता वितरण र अनलाइन फाराम भर्ने विषयमा विवाद रहँदै आएको थियो । सोही कारण वडा अधिवेशनसमेत समयमै हुन सकेको थिएन ।

मोरङ-६ कांग्रेस नेता डा. शेखर कोइरालाको गृहक्षेत्र हो । संस्थापन पक्षले कोइरालानिकट कार्यकर्ताले योजनाबद्ध रूपमा अधिवेशन बिथोलेको आरोप लगाएको छ । तर, कोइराला पक्षीय नेता देवराज तामाङले आरोप अस्वीकार गर्दै क्रियाशील सदस्यतामा भएको भनिएको धाँधलीप्रतिको असन्तुष्टिका कारण प्रतिनिधिहरु आक्रोशित भएको बताएका छन् ।

घटनापछि अधिवेशनस्थलमा सुरक्षाकर्मी परिचालन गरिएको छ । विवाद समाधान गरी अधिवेशन प्रक्रिया अघि बढाउने विषयमा नेतृत्व तहमा छलफल भइरहेको कांग्रेस नेता रमेशजंग रायमाझीले बताएका छन् ।

देउवाले निर्वाचन आयोगलाई पठाए पत्र



दमक/ नेपाली कांग्रेसको देउवा समूहले बिहीबारदेखि सुरू हुने १५औँ महाधिवेशनबारे निर्वाचन आयोगलाई औपचारिक जानकारी गराएको छ । पूर्वसभापति शेरबहादुर देउवाले बुधबार सभापतिकै हैसियतमा आयोगलाई पत्र पठाउँदै महाधिवेशनसम्बन्धी जानकारी गराएका हुन् । पत्रमा १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको पदावधि र पार्टी विधानअनुसार १५औँ महाधिवेशन गर्न लागिएको उल्लेख छ । पार्टीको आधिकारिकतासम्बन्धी मुद्दामा सर्वोच्च अदालतले पुनरावलोकनका लागि अनुमति दिएको विषय पनि पत्रमा समेटिएको छ । महाधिवेशनपछि निर्वाचित केन्द्रीय कार्यसमितिको नामावली आयोगमा अद्यावधिकका लागि पठाइने जनाइएको छ ।

बालेन....काठमाडौँ-तराई द्रुतमार्गको प्रगति पचास प्रतिशत नाघ्नु र महादेवटार सुरूङमार्गको 'ब्रेक थ्रु' हुनुले राष्ट्रिय गौरवका आयोजनामा आएको तीव्रतालाई देखाउँछ । जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त १३३ सरकारी भवनको मर्मत सम्भार र दुर्गम तथा काठमाडौँ उपत्यकामा सडक-पुल निर्माणले गति लिएको छ । ऊर्जा क्षेत्रतर्फ कुल विद्युत् जडित क्षमता ४,२५८ मेगावाट पुग्नु र कूटनीतिक क्षेत्रमा इतिहासमै पहिलो पटक खुला प्रतिस्पर्धाबाट १३ देशमा राजदूत सिफारिस गरिनु तथा संयुक्त राष्ट्रसंघको महासभामा जलवायु न्यायका विषयमा नेपालको दह्रो उपस्थिति जनाइनुलाई कूटनीतिक वृत्तमा सह्रानीय कदम भन्न हिचकिचाउनु हुँदैन ।

यद्यपि, सुरूआती चरणमा पपुलिजम र प्रचारबाजीपछि गृह प्रशासन सुस्ताउनुले सरकार दिशाहीन बन्दै गएको र यसलाई बेलाबेलामा 'ब्रेक' लगाउनुपर्ने भनी प्रतिपक्षबाट भएका टिप्पणीहरूलाई बल पुऱ्याएको छ भने तत्थ्य र विनाप्रमाण कतिपय प्रोफायल भएका ब्याक्तित्वहरू समातिनु र प्रमाण नपुगेझै गरेर छोडिनुले सरकारको साख गिर्दो देखिएका टिका टिप्पणी पनि भइरहेका छन् ।

अझ गहिरिएर हेर्दा, सरकारले सार्वजनिक गरेका आकर्षक आँकडाहरूका बिच नागरिकको दैनिक जीवनसँग जोडिएका आधारभूत मुद्दाहरु अझै ओझेलमै परेका छन् । बजारमा व्याप्त महँगी नियन्त्रण हुन सकेको छैन, इन्धन तथा उपभोग्य वस्तुको सहज आपूर्ति र शिथिल बनेको अर्थतन्त्रलाई पूर्ण चलायमान बनाउनेतर्फ सरकारको ध्यान पर्याप्त रूपमा पुग्न सकेको देखिँदैन । संघीय निजामती ऐन र शिक्षा ऐनजस्ता दीर्घकालीन प्रभाव पार्ने कानुन निर्माणमा संसद्लाई सक्रिय बनाउनेतर्फ पनि सरकार सुस्त देखिएको छ ।

समग्रमा, बालेन शाह नेतृत्वको सरकारको पहिलो छ महिना साहसिक सुधारका प्रयास र पपुलिस्ट राजनीतिक शैलीको सम्मिश्रणका रूपमा रहेको देखिन्छ । संरचनात्मक सुधार र प्रविधिमैत्री सेवा प्रवाहले नयाँ आशा जगाए पनि कतिपय मन्त्री र सरकार पक्षकै सांसदहरूका विवादित 'स्टन्ट'हरु जनचासो र निन्दनीय पनि छन् । यसकासाथै जनजीविकाका सवालमा देखिएको सुस्तता यस कार्यकालका मुख्य कमजोरी हुन् । शिक्षा क्षेत्रमा धेरै समस्या छँदै छन् । दुईकिसिमको शिक्षा नीतिले धनीले लिने शिक्षा र गरिव निमुखाले लिने शिक्षाको अन्तरखाडल जस्ताको तस्तै छ । सर्वसाधारणको पहुँचमा स्वास्थ्य पनि छैन । यी र यस्ता अनेकन आधारभूत समस्याप्रति सरकारको ध्यान पुग्न सकेको देखिँदैन ।

सरकारले अब आफ्नो सुरूआती 'हनिमुन पिरियड' पूरा गरिसकेकाले प्रचारबाजीभन्दा माथि उठेर दीर्घकालीन नीतिगत सुधार, संसदीय सहकार्य र जनजीविकाका वास्तविक सवालमा ठोस नतिजा दिनु नै यस सरकारको आगामी यात्राको मुख्य चुनौती र परीक्षा हुनेछ ।

झापा.... प्रतिस्पर्धा सहज भएको दाबी गरे ।

२०४६ सालको जनआन्दोलनपछि झापाको कांग्रेस राजनीतिमा सक्रिय जगदीश का ले पनि यसपटक उल्लेख्य मतसहित निर्वाचित भएका छन् । विगतका आन्तरिक प्रतिस्पर्धामा राजनीतिक दाउपेचका कारण पछि पारिएको बताइएका का लेलाई क्षेत्रीय प्रतिनिधिले यसपटक समर्थन गरेका हुन् ।

झापाको कांग्रेस राजनीतिमा लामो समय सिटौलाको प्रभाव रहेको चर्चा हुँदै आएको थियो । उनका निकट नेताकार्यकर्ताको पार्टीभित्र प्रभाव रहेको र असहमत समूहका कतिपय नेता अवसरबाट वञ्चित भएको आरोप लाग्दै आएको थियो ।

सिटौलाको प्रभावका कारण पार्टी छाडेका भनिएका राप्रपा नेता भक्तिप्रसाद सिटौलाको प्रसंगसमेत यसै सन्दर्भमा उठाइएको छ । एक कांग्रेस कार्यकर्ताले भने अब पार्टीभित्र व्यक्तिकेन्द्रित चाकडीभन्दा प्रतिस्पर्धा र कार्यकर्ताको मत निर्णायक बन्नुपर्ने बताएका छन् ।

आठपहरिया....दिन मंगलबार मार्गाथान सरसफाइ, दोस्रो दिन बुधबार ओमाडाम अर्थात् मार्गाथानमा कुखुराका चल्ला पूजा, तेस्रो दिन बिहीबार राँगोको भेजो लगाउने, चौथो दिन शुक्रबार भेजो मार्गाथानमा चढाउने तथा पितृपूजा गर्ने, पाँचौँ दिन शनिबार वनभोज खाने र छैटौँ दिन आइतबार चाड विसर्जन गर्ने चलन रहेको किराँत आठपहरिया समाजका केन्द्रीय उपाध्यक्ष सूर्य आठपहरियाले बताए ।

वैशाखमा कुल तथा पितृलाई वर्षा गराइदिन आग्रह गर्दै बाली लगाउने र वर्षा गराएर बाली फलाउन सहयोग गरेको भन्दै न्वागी चाड मनाइने गरिन्छ । उक्त बाली पाकेपछि कुल तथा पितृलाई नयाँ अन्न चढाउने गरिन्छ । वर्षा गराएर बाली लगाएदेखि फलाउन सहयोग गरेको र तिमी र हामी पनि खान्छौँ भन्ने मान्यता रहेकाले न्वागी चाड मनाउने गरेको उनले बताए ।

झापा....जनाएको छ ।

निर्धारित समयभन्दा अगावै प्राविधिक काम सम्पन्न भएमा विद्युत् सेवा सोहीअनुसार छिट्टै सञ्चालनमा ल्याइने प्राधिकरणले जनाएको छ । विद्युत् आपूर्ति बन्द हुँदा ग्राहकमा पर्न जाने असुविधाप्रति क्षमा माग्दै प्राधिकरणले काम सम्पन्न गर्न सहयोग तथा धैर्यधारण गरिदिन उपभोक्तालाई आग्रह गरेको छ ।

प्रतिनिधिसभा....अविलम्ब पूराना नोटहरूलाई एक हजार र पाँच सय रूपैयाँको नोटहरूलाई नोटबन्दी गर्नका लागि आह्वान गर्दछु ।' यस्तो प्रस्तावमा नेकपाका सबै सांसद हस्ताक्षर गरेर दिन समेत तयार रहेको बताए । सरकारले यदि नोटबन्दीको विषयलाई कार्यान्वयनमा ल्यायो भने कालोधन थुपार्नेहरूको पर्दाफास हुन देखिन्छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

हुलाक सेवाः नागरिकको विश्वास
- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं ।
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं ।
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं ।
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं ।
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं ।
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।ां,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुर्‍याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !

आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।
सेवामा आवद्ध डाक्टरहरु
☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर
ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com